०४६-५४०३१०, ०४६-५४०२५७

बरहथवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं. २ नेपाल

मितिः- २०७५/०८/११ गते

**बिषय :-सटर भाडा सम्बन्धी सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिका अन्तर्गत बरहथवा गुद्री बजारमा रहेको सटर गोप्य शिलबन्दी बढाबढ प्रकृया द्वारा भाडा लगाउनु पर्ने भएको हुँद्धा सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

.....................
रमेश कुमार
नि. प्रमुख प्रशासकीय अधिकृत

**<u>शर्तहरु :-</u>**

१. शिलवन्दी फाराम रु.३००/- (फिर्ता नहुने) तिरी नगरपालिकावाट खरीद गर्नु पर्ने छ ।
२. शिलवन्दी फाराम खरीद मिति २०७५/८/१२ देखी मिति २०७५/८/२६ गते सम्म खरीद गरी मिति २०७५/८/२७ गते दिनको १२:०० वजे सम्म नगर कार्यपालिकाको कार्यालयमा दाखीला गरी सक्नुपर्ने छ र सोही दिन दिनको २:०० वजे शिलवन्दी खोलिनेछ । दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट गरिनेछ ।
३. न्यूनतम भाडा प्रति सटर माशिक रु.५,१००/- (अक्षेरेपि पाँच हजार एक सय मात्र) कायम गरिएको छ ।
४. ठेक्का अवधी सम्झौता भएको मिति देखि ३ (तिन) वर्षको लागि हुनेछ ।
५. ठेक्का अवधी भरको लागि ठेक्का कवोल गर्ने व्यक्ती/फर्मले धरौटी वापत प्रति सटर रु.२,००,०००/- (अक्षेरेपि रु.दुई लाख मात्र) बरहथवा नगरपालिकाको धरौटी खाता ने.वै.ली बरहथवा स्थीत हि.नं.१४००३००००००००३००००००२ मा जम्मा गरि सकल भौचर शिलवन्दी फाराम साथ पेश गर्नु पर्नेछ ।
६. शिलवन्दी फाराम साथ नेपाली नागरिक्ताको प्रमाणपत्रको फोटोकपी पेश गर्नु पर्ने छ ।
७. सम्झौता गर्दा पान नम्बर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
८. सटर भाडा रकम महिनाको ७ गते भित्र बुझाउनु पर्ने छ । तोकिएको समय भित्र भाडा रकम दाखिला नगरेमा पहिलो महिना १०%, दोस्रो महिना २५% र तेस्रो महिना ५०% थप जरीवाना लाग्ने छ । तेस्रो महिना भित्र भाडा रकम नवुझाएमा सम्झौता स्वत रद्ध हुनेछ ।
९. सटरमा प्रयोग हुने विधुत, पानि लागायतको हुने महशुल भाडावालाले व्यहोर्नु पर्ने छ ।
१०. धारौटी रकम वापत जम्मा गरेको रकम सटर भाडा छोडेपछी फिर्ता दिईनेछ । भाडा बाँकी वक्यौता रहेमा धारैटी वाट कट्टा गरिनेछ ।
११. सम्झौता अवधी भन्दा पहिला नै सटर छोडनुपर्ने भएमा कम्तीमा १ (एक) महिना आगाडी लिखीत जानकारी गराउनु पर्ने छ । कार्यालयले खाली गराउन परेमा ३ (तिन) महिना आगाडी लिखित जानकारी गराई सटर खाली गराउन सकिनेछ ।
१२. सटर दक्षिण तर्फ वाट ८ नं. कायम भै क्रमश, उत्तर तर्फ ९, १० नं.सम्म कायम गरिएको छ ।
१३. सटर भाडा लिदा कुन नम्बरको सटर भाडा लिनेहो स्पष्ट उल्लेख गर्नु पर्नेछ । अलग-अलग सटरका लागि अलग-अलग शिलवन्दी भर्नुपर्नेछ ।
१४. यसमा नखुलेको कुराहरु प्रचलित ऐन, नियम वमोजिम हुने छ ।
१५. शिलवन्दी स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।

E-mail: barahathawaun@gmail.com,Website: www.barhathwamun.gov.np